**नेपाल आयल निगम लिमिटेड**

**खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम एवं परीक्षा योजना**

**स्तर** : सहायक, **सेवा** : अप्राविधिक, **समूह** : प्रशासन, **तह** : ४, **पद** : सहायक (प्रशासन)

**यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ :**

प्रथम चरण :- लिखित परीक्षा, पूर्णाङ्क : २००

द्वितीय चरण :- अन्तर्वार्ता, पूर्णाङ्क : ३०

| **प्रथम चरण :- लिखित परीक्षा योजना** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पत्र | विषय | परीक्षा प्रणाली | प्रश्न संख्या | अंक भार | पूर्णाङ्क | उत्तीर्णाङ्क | समय |
| प्रथम | सामान्य ज्ञान | बस्तुगत बहुउत्तर | २५ | २ | १०० | ४० | २ घण्टा |
| | | छोटो उत्तर | ६ | ५ | | | |
| | | लामो उत्तर | २ | १० | | | |
| द्वितीय | सेवा सम्बन्धी | छोटो उत्तर | १६ | ५ | १०० | ४० | ३ घण्टा |
| | | लामो उत्तर | २ | १० | | | |
| **द्वितीय चरण :- अन्तर्वार्ता** | | | | | | | |
| अन्तर्वार्ता | | | | | ३० | | |

**द्रष्टव्य :**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

२. प्रथम पत्र र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।

३. प्रत्येक पत्रको लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन् । परिक्षार्थीले प्रथम पत्रको बस्तुगत बहुउत्तर र विषयगत उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । साथै द्वितीय पत्रको प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

४. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

५. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

६. वस्तुगत बहुबैकल्पिक प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तरवापत २०% अंक कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यसबापत अंक कट्टा गरिनेछैन ।

७. पाठ्यक्रम लागू मिति : **२०७४ असोज २२ गते देखि**

**प्रथम पत्र - सामान्य ज्ञान**

१. नेपालको संवैधानिक विकासक्रम ।
२. नेपालको ऐतिहासिक, आर्थिक, सामाजिक, साहित्यिक, सांस्कृतिक विषय ।
३. विज्ञानका महत्वपूर्ण उपलब्धिहरू सम्बन्धी सामान्य जानकारी ।
४. नेपालका भूगोल (भौगोलिक स्थिति) धरातलीय स्वरुप, जलवायु, हावापानी, जनजीवनमा वातावरणको प्रभाव सम्बन्धी विषय ।
५. नेपालका राजनैतिक विभाजन सम्बन्धी सामान्य जानकारी ।
६. नेपालका विकासका पूर्वाधारहरू (शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, खानेपानी, विद्युत तथा अन्य ऊर्जाका श्रोतहरू आदि) को अवस्था ।
७. नेपाली समाजका परम्परा, सामाजिक मूल्य र मान्यता, धर्म, जातजाति, भाषा सम्बन्धी विषय ।
८. नेपालको वर्तमान शासनपद्धति- संवैधानिक अङगहरू, मौलिक हक र कर्तव्य, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन विधि सम्बन्धी सामान्य जानकारी ।
९. सामुदायिक स्वास्थ्यका अवधारणा सम्बन्धी सामान्य जानकारी ।
१०. नेपालको जनसङख्या सम्बन्धी जानकारी ।
११. नेपालमा पेट्रोलियम पदार्थको आपूर्ति, भण्डारण तथा ढुवानी व्यवस्था ।
१२. पेट्रोलियम पदार्थ र यसबाट वातावरणमा पर्ने असर, प्रभाव तथा समस्याहरू ।
१३. नेपालमा पेट्रोलियम पदार्थको बिक्री वितरणको अद्यावधिक स्थिति ।
१४. नेपाल आयल निगमको काम, कर्तव्य र अधिकार सम्बन्धी जानकारी ।
१५. राष्ट्रिय महत्वका समसामयिक तथा नविनतम् घटनासम्बन्धी जानकारी ।

**<u>द्वितीय पत्र - सेवा सम्बन्धी</u>**

**खण्ड-क : सुशासन र व्यवस्थापन - अंक ४० (६ प्रश्न × ५ अंक र १ प्रश्न × १० अंक)**

१. सार्वजनिक प्रशासन र व्यवस्थापन तथा निजी प्रशासन सम्बन्धी सामान्य जानकारी ।

२. नागरिक वडापत्र सम्बन्धी जानकारी ।

३. अनुशासन र मानवीय मुल्य ।

४. संगठनात्मक द्वन्दका कारण, असर र द्वन्द व्यवस्थापनका उपायहरू ।

५. नागरिक चेतना/शिक्षा, नागरिक समाज लगायत नागरिकहरूको दायित्व र कर्तव्य ।

६. समावेशीकरण, समानुपातिक प्रतिनिधित्व र सकारात्मक विभेद ।

७. सार्वजनिक सेवा प्रवाह सम्बन्धी सामान्य जानकारी ।

८. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ।

९. भ्रष्टाचार निवारण ऐन, २०५९ ।

१०. सूचनाको हक सम्बन्धी ऐन, २०६४ ।

**खण्ड-ख : कार्यालय कार्यविधि - अंक ३० (६ प्रश्न × ५ अंक)**

१. दर्ता, चलानी र पत्र व्यवहार ।

२. फाईलिङ्ग, पंजिका, पत्राचार तथा प्रतिवेदन ।

३. टिप्पणी लेख्दा ध्यान दिनु पर्ने कुराहरू ।

४. कार्यालय र कार्यालय व्यवस्थापनको अवधारणा र महत्व ।

५. अभिलेख व्यवस्थापनको परिचय, उद्देश्य र आवश्यकता ।

६. कार्यालय व्यवस्थापनमा कम्प्यूटर प्रणालीका आवश्यकता र महत्व ।

७. कार्यालयमा संचारको महत्व, प्रकार र माध्यम ।

८. कार्यालय जनसम्पर्क व्यवस्था ।

९. जिन्सी स्रेस्ता प्रणाली, राजश्व स्रेस्ता प्रणाली र धरौटी स्रेष्ता प्रणाली ।

१०. कम्प्यूटर संचालन तथा प्रयोग सम्बन्धी सामान्य ज्ञान ।

११. आर्थिक कार्यप्रणाली सम्बन्धी सामान्य जानकारी ।

१२. सूचना र तथ्यांकको जानकारी र महत्व ।

**खण्ड-ग : कानूनी तथा कार्यविधिगत व्यवस्था - अंक ३० (४ प्रश्न × ५ अंक र १ प्रश्न × १० अंक)**

१. उपभोक्ता हित संरक्षण ऐन, २०५४ सम्बन्धी सामान्य जानकारी ।

२. नेपाल आयल निगम लिमिटेडको आर्थिक प्रशासन तथा खरीद प्रक्रियाको जानकारी ।

३. नेपाल आयल निगम लिमिटेड प्रबन्धपत्र तथा नियमावलीका प्रमुख व्यवस्था ।

४. पेट्रोलियम पदार्थ ढुवानी सम्बन्धी व्यवस्था ।

५. नेपाल आयल निगम लिमिटेडको बिक्रेता सम्बन्धी व्यवस्था ।

६. नेपाल आयल निगम लिमिटेडको एल.पि.ग्यास र यसको ढुवानी सम्बन्धी व्यवस्था ।

७. नेपाल आयल निगम लिमिटेडको कर्मचारी प्रशासन सम्बन्धी विविध व्यवस्था ।

***